# स्थानीय राजपत्र

**भानु नगरपालिकाद्वारा प्रकाशित**

**खण्डः ०५ संख्याः ०६** **मितिः २०७९/०६/०५**

**भाग-२**

**भानु नगरपालिका**

नेपालको संविधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधरणको लागि प्रकाशन गरिएको छ

# विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति तथा व्यवस्थापन सम्बन्धी नमूना कार्यविधि, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०५।३१

सामुदायिक विद्यालयमा मर्यादित र पारदर्शी रुपमा शिक्षक तथा कर्मचारीको नियुक्ति तथा व्यवस्थापन गर्न, सबै विद्यालयमा जनशक्तिको भर्ना तथा परिचालनमा एकरुपता कायम गर्न तथा सक्षम तथा गुणस्तरीय जनशक्ति आपूर्ति तथा व्यवस्थापन गर्ने कार्यमा समन्वय र सहजीकरण गर्न स्थानीय

सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) तथा भानु नगरपालिका शिक्षा ऐन २०७७ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी भानु नगर कार्यपालिकाले यस "**विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति तथा व्यवस्थापन सम्बन्धी नमूना कार्यविधि, २०७९**" जारी गरेको छ ।

परिच्छेद-१

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. (१) यस कार्यविधिको नाम "विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति तथा व्यवस्थापन सम्बन्धी नमूना कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि भानु नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि लागु भएपछि सबै सामुदायिक विद्यालयले यसमा उल्लेखित प्रावधानहरुको अनिवार्य रुपमा पालना तथा कार्यान्वयन गर्ने गरी शिक्षक कर्मचारी नियुक्ति तथा व्यवस्थापन सम्बन्धी आफ्नो आन्तरिक कार्यविधि निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरी लागु गर्नुपर्नेछ । प्रत्येक विद्यालयले यसप्रकारको आन्तरिक कार्यविधि निर्माण तथा स्वीकृत नगरेसम्म उक्त दरबन्दीमा शिक्षक तथा कर्मचारीको पदपूर्ति प्रक्रिया अघि बढ्नेछैन ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यविधि" भन्नाले भानु नगर कार्यपालिकाबाट जारी विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति तथा व्यवस्थापन सम्बन्धी नमूना कार्यविधि, २०७९ लाई सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले भानु नगरपालिका शिक्षा ऐन, २०७७ लाई सम्झनुपर्छ ।

(ग) “नियमावली” भन्नाले भानु नगरपालिका शिक्षा नियमावली, २०७८ लाई सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले भानु नगरपालिका सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भानु नगरपालिका प्रमुख प्रशासकीय अधिकृत वा सो को काम गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ ।

(च) "नगर शिक्षा अधिकारी" भन्नाले भानु नगरपालिकाको नगर शिक्षा अधिकारी वा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सम्झनुपर्छ ।

(छ) "शिक्षा अधिकृत" भन्नाले विद्यालयको निरीक्षण गर्न तोकिएको शिक्षा अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "विद्यालय" भन्नाले भानु नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयलाई सम्झनुपर्छ ।

(झ) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १२ बमोजिम गठित सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ञ) "प्रधानाध्यापक" भन्नाले ऐनको दफा २३ बमोजिम नियुक्त सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ ।

(ट) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयले आन्तरिक स्रोत तथा अनुदानमा नियुक्त गरेको शिक्षक सम्झनुपर्छ । सो शब्दले बालविकास केन्द्रको सहयोगी कार्यकर्तालाई समेत जनाउदछ ।

(ठ) "निजी शिक्षक" भन्नाले विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त शिक्षकलाई सम्झनुपर्छ ।

(ड) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेक सरकारी अनुदान वा विद्यालयको आन्तरिक कोषबाट तलब भत्ता खाने गरी नियुक्त कर्मचारीलाई सम्झनुपर्छ ।

(ढ) "शिक्षक छनौट समिति" भन्नाले नियम ५ बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समिति सम्झनुपर्छ ।

**३. शिक्षक तथा कर्मचारीको पद, कार्यविवरण र सुविधा**

(१) सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी बाहेक निजी स्रोतमा नियुक्त हुने शिक्षक तथा कर्मचारीहरु सामान्यतया देहाय बमोजिमका हुनेछन्

क) कक्षा शिक्षणका लागि नियुक्त शिक्षकहरु

ख) बाल विकास केन्द्रका सहयोगी कार्यकर्ता वा पूर्व प्राथमिक तहका शिक्षक

ग) लेखा व्यवस्थापनका लागि नियुक्त हुने लेखापाल

घ) खेलकुद तथा अतिरिक्त क्रियाकलाप शिक्षक

ङ) कुचीकार तथा माली

च) सुरक्षा गार्ड तथा पाले

छ) कम्प्युटर अपरेटर

ज) ल्याब टेक्निसियन

झ) स्टोर किपर (भण्डारे)

ञ) प्रशिक्षक /सहायक प्रशिक्षक

ट) संगीत तथा नृत्य शिक्षक

ठ) विद्यालय नर्स

ड) आया ( छात्रावास वा विशेष शिक्षा स्रोतकक्षाका लागि)

ढ) चालक वा सहचालक

ण) कार्यालय सहयोगी

त) विद्यालयको आवश्यकतानुसारका अन्य शिक्षक तथा कर्मचारीहरु

(२) उपदफा (१) बमोजिम नियुक्त शिक्षक तथा कर्मचारीहरुको कार्यविवरणका सम्बन्धमा विद्यालयको आवश्यकता अनुसार प्रत्येक पदको अलग अलग कार्यविवरण (ToR) आन्तरिक कार्यविधिमा स्पष्टसँग उल्लेख भएको हुनुपर्नेछ ।

(३) विद्यालयले नियुक्त गर्ने शिक्षक तथा कर्मचारीले कार्यविवरण बमोजिम कामकाज गरेवापत निजले पाउने तलब भत्ता, सुविधा, बिदा, पदावधि तथा अन्य सहुलियतका कुराहरु निजको नियुक्ति पत्रमा प्रष्टसँग उल्लेख भएको हुनुपर्नेछ ।

**४. शिक्षक तथा कर्मचारीको लागि दरखास्त आह्वान**

(१) विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित, र उपलब्धिमूलक बनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा विद्यालयमा अनुशासन तथा सुशासन कायम गर्नका लागि नियुक्त विषयगत शिक्षक तथा अन्य कर्मचारीको पदपूर्ति गर्दा सार्वजनिक रुपमा विज्ञापन आह्वान गरी प्रतिस्पर्धात्मक रुपमा तोकिएको प्रक्रियाद्वारा पदपूर्ति गरिनेछ ।

(२) हरेक पदको विज्ञापन गर्दा न्युनतम् पन्ध्र दिनको समायावधि राखी दरखास्त आह्वान गर्नुपर्नेछ । दरखास्त आह्वानको सूचना स्थानीय वा राष्ट्रिय दैनिक पत्रपत्रिकामा प्रकाशन गरी सम्बन्धित विद्यालय, वडा कार्यालय, नगरपालिका कार्यालय र अन्य सार्वजनिक निकायको सूचना पाटीमा समेत अनिवार्य रुपमा टाँस गरी मुचुल्का बनाई राख्नुपर्नेछ । तर कार्यालय सहयोगी, कुचिकार तथा माली र सुरक्षा गार्डको पदपूर्ति गर्दा न्यूनतम् सात दिनको विज्ञापन गरी पदपूर्ति गर्न सकिनेछ ।

**५. शिक्षक कर्मचारीको छनोट, नियुक्ति तथा व्यवस्थापन**

(१) विद्यालयमा शिक्षक तथा कर्मचारी छनोट गर्नका लागि देहाय बमोजिमको एक शिक्षक कर्मचारी छनोट समिति गठन गर्नुपर्नेछ ।

क) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य - संयोजक

क) न्यूनतम् स्नातक वा सो सरह उत्तीर्ण स्थानीय बुद्धिजिवी वा शिक्षाप्रेमी - सदस्य

ख) सम्बन्धित विषय र तहको विषय विशेषज्ञ २ जना - सदस्य

ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) कार्यालय सहयोगी (परिचर), कुचिकार तथा माली र सुरक्षा गार्डको नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा शिक्षक अभिभावक संघको अध्यक्ष र प्रधानाध्यापक सदस्य सचिव रहेको तीन सदस्सीय छनौट समिति रहनेछ । उक्त छनौट समितिले आँफै कार्यविधि तयार गरी लिखित वा मौखिक परीक्षाबाट छनोट गरी नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्नेछ ।

## ६. शैक्षिक योग्यता, उमेर र अन्य मापदण्ड

(१) विद्यालयमा नियुक्त हुने शिक्षक तथा कार्मचारीहरु नेपाली नागरिक हुनुपर्ने ।

(२) शिक्षक कर्मचारी पदमा उम्मेदवार बन्नका लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

(३) कुनै फौजदारी अभियोग नलागेको, मगज नबिग्रिएको र निरोगिताको प्रमाणपत्र प्राप्त गरेको

(४) शिक्षक तथा कर्मचारीको न्यूनतम् शैक्षिक योग्यता देहाय बमोजिम हुनुपर्नेछ

क) तहगत शिक्षकहरुको हकमा जुन तह र विषयमा उम्मेदवार हुने हो सोको लागि शिक्षक सेवा आयोग नियमावली २०५७ मा उल्लेख भएबमोजिमको शैक्षिक योग्यता र अध्यापन अनुमति पत्र प्राप्त गरेको

ख) बाल विकास केन्द्रको सहयोगी कार्यकर्ता वा पूर्व प्राथमिक तहको शिक्षक हुनका लागि शिक्षा विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण भएको । न्यूनतम् ३ महिना (३९० घण्टा) को आधारभूत तहको मन्टेश्वरी तालिम लिएका उम्मेदवारलाई विशेष प्राथमिकता दिनुपर्ने

ग) विद्यालयको लेखापाल वा लेखा सहायकका लागि व्यवस्थापन संकायबाट प्रविणता तह पूरा गरेको वा व्यवस्थापन मूल विषय लिई माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गरेको

घ) कम्प्युटर अपरेटरका लागि कम्प्युटर विषय लिई न्यूनतम् कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको

ङ) ल्याब टेक्निसियनका लागि सम्बन्धित विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको

च) प्राविधिक शिक्षालयका लागि नियुक्त हुने प्रशिक्षक वा सहायक प्रशिक्षकका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) वा सम्बन्धन दिने सम्बन्धित निकायले तोकेको न्यूनतम् शैक्षिक योग्यता

छ) विद्यालय नर्सका लागि नर्सिङ् विषयमा प्रवीणता प्रमाणपत्र तह वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट नर्सिङ् कोर्ष पूरा गरी लाइसेन्स प्राप्त गरेको

ज) संगीत तथा नृत्य प्रशिक्षकका लागि सम्बन्धित विषयका कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको ।

झ) सवारी चालकका लागि आधारभूत तहको परीक्षा उत्तीर्ण गरी हलुका वा हेवि सवारी चालक अनुमति पत्र प्राप्त गरेको

ञ) कार्यालय सहयोगी, माली, स्टोरकिपर, आया, सुरक्षा गार्ड तथा सहचालकका लागि आधारभूत तह उत्तीर्ण गरी सम्बन्धित विषय वा क्षेत्रमा तालिम तथा अनुभव प्राप्त गरेको ।

द्रष्टव्यः विद्यालय सुरक्षा गार्डका लागि सेवा प्रवेशको अधिकतम उमेर हद ४८ वर्ष हुनेछ । यसरी नियुक्त भएका सुरक्षा गार्ड ६० वर्षको उमेरसम्म मात्र उक्त पदमा बहाल रहन सक्नेछन् र ६० वर्षको उमेरपछि स्वतः अवकास हुनेछन् ।

**७. शिक्षक तथा कर्मचारीको दरखास्त शुल्क**

क) माध्यमिक शिक्षक वा सो सरहको पदका लागि रु १०००/-

ख) आधारभूत तह (कक्षा ६-८) वा सो सरहका शिक्षक रु ७००/-

ग) आधारभूत तह (कक्षा १-५) वा सो सरहका शिक्षक रु ५००/-

घ) विद्यालय नर्स, लेखापाल तथा ल्याब टेक्निसियनका लागि रु ७००/-

ङ) अन्य सबै पदका लागि रु ५००

८. **परीक्षा केन्द्र सम्बन्धी व्यवस्था :** विद्यालयको निजी स्रोत तथा अनुदानबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको छनौट परीक्षाको केन्द्र सम्बन्धित विद्यालयमा रहनेछ ।

**९. परीक्षाको पाठ्यक्रम तथा सञ्चालन कार्यविधि :**

(क) विद्यालयमा नियुक्त हुने निजी स्रोत तथा अनुदान शिक्षक तथा कर्मचारीको लागि छनोट परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोग नियमावलीको परिमार्जित पाठ्यक्रम बमोजिम हुनेछ ।

(ख) लिखित परीक्षा सामान्य परीक्षा १०० अंक र विषयगत परीक्षा १०० अंक गरी २०० पूर्णाङ्कको हुनेछ ।

(ग) सामान्य परीक्षाको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ५० रहनेछ । सामान्य परीक्षामा प्रत्येक वस्तुगत प्रश्न २ अंकका दरले बहुवैकल्पिक प्रश्न संख्या ५० गरी जम्मा १०० पूर्णाङ्कको हुनेछ । परीक्षा समय १ घण्टा हुनेछ । सामान्य परीक्षामा

उत्तीर्ण भएका उम्मेदवार मात्र सम्बन्धित विषयको विषयगत परीक्षामा सामेल हुन पाउनेछ ।

(घ) विषयगत परीक्षाको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ४० रहनेछ । विषयगत प्रश्न १० अंकका दरले जम्मा १० वटा प्रश्न गरी जम्मा १०० पूर्णाङ्कको हुनेछ । परीक्षाको समय ३ घण्टा हुनेछ । विषयगत परीक्षामा उत्तीर्ण भएका उम्मेदवार मात्र अन्तरवार्तामा सहभागी हुन पाउनेछन् ।

(ङ) मौखिक परीक्षा तथा अन्तरवार्ता पूर्णाङ्क २५ को हुनेछ ।

अन्तरवार्ताको पूर्णाङ्क देहायमा उल्लेखित भए अनुसार १५ अंकको हुनेछ ।

- व्यक्तित्व १ अंक
- विषय वस्तुको ज्ञान ६ अंक
- प्रस्तुतीकरण ४ अंक
- तार्किक क्षमता २ अंक
- आन्तरिक दक्षता २ अंक
- अन्तरवार्तामा उम्मेदवारलाई बढीमा ७० प्रतिशत र घटीमा ३५ प्रतिशत अंक प्रदान गरिनेछ । ७० प्रतिशत भन्दा माथि र ३५ प्रतिशत भन्दा तल अंक दिइएमा स्पष्ट कारण खुलाउनुपर्नेछ ।
- शैक्षिक योग्यता वापत ५ पूर्णाङ्कको हुनेछ ।यसमा सम्बन्धित तहको न्युनतम शैक्षिक योग्यता वापत ३ अंक (प्रथम श्रेणी ३ अंक, द्वितीय श्रेणी २ अंक)
- सम्बन्धित विषयमा माथिल्लो योग्यता वापत २ अंक (प्रथम श्रेणी २ अंक र द्वितीय श्रेणी १ अंक)

च) सेवा अनुभव वापत ५ अंक हुनेछ । यसमा सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा सेवा गरेको भए प्रत्येक वर्षको ०.५ अंकको दरले बढीमा ५ अंक ।

छ) लिखित परीक्षाको प्रश्नपत्र तयार गर्ने र उत्तर पुस्तिका परीक्षण गर्ने जिम्मेवारी विषय विज्ञलाई दिइनेछ ।

ज) परीक्षाको मर्यादा कायम गर्न, उम्मेदवारका शैक्षिक योग्यताका प्रमाणपत्र तथा अन्य डकुमेन्टहरु रुजु गर्न, उपु कोडिङ तथा डिकोडिङ् गर्न तथा अन्य कानूनी एवम् प्रक्रियागत विषयमा सहजीकरण गर्नका लागि शिक्षक छनोट समितिले

नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका शिक्षा अधिकृत वा कुनै प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

झ) विद्यालयमा कार्यालय सहयोगी (परिचर), कुचिकार तथा माली र सुरक्षा गार्डको नियुक्ति गर्दा तोकिएको छनोट समितिले मौखिक परीक्षा (अन्तरवार्ता) को माध्यमबाट मात्र पनि छनोट गर्न सक्नेछ ।यसका लागि दफा ५ (२) बमोजिमको छनोट समितिले कार्यविधि निर्माण गर्दा अन्य कुराको अतिरिक्त आरक्षण वापत स्थानीय क्षेत्र, दलित, आदिवासी जनजाती, महिला, पिछडिएको क्षेत्र, अल्पसंख्यक, मुस्लिम, अपाङ्गता, यौनिक तथा अल्पसंख्यक (तेस्रो लिङ्गी) आदिका लागि विशेष सहुलियतका साथ प्राथमिकता दिन सक्नेछ ।

**१०. कर्मचारीको तलब भत्ता, सेवा शर्त र अन्य सुविधा**

क) निजी स्रोतमा नियुक्त शिक्षक कर्मचारीको तलब भत्ता विद्यालय व्यवस्थापन समितिले निर्धारण गरेबमोजिम हुनेछ । तर शिक्षक कर्मचारीको तलब भत्ता निर्धारण गर्दा सामान्यतया नेपाल सरकारले सम्बन्धित तहको कर्मचारीका लागि तोके बमोजिम उपलब्ध गराउनु विद्यालय व्यस्थापन समितिको दायित्व हुनेछ ।

ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदानबाट पारिश्रमिक पाउने गरी नियुक्त कर्मचारीले सो बमोजिमको तलबमानका अतिरिक्त नेपाल सरकारले तोकेबमोजिमको न्यूनतम पारिश्रमिक सम्बन्धी मापदण्डलाई अनुशरण गरी निर्धारण गर्नुपर्नेछ ।

**ग)** शिक्षक कर्मचारीको बिदा देहाय बमोजिम हुनेछ

- भैपरि आउने बिदा वर्षभरिमा ६ दिन
- चाडपर्व बिदा वर्षभरिमा ६ दिन
- बिरामी बिदा एक महिनाको एक दिनका दरले वर्षभरिमा १२ दिन
- महिला कर्मचारीलाई सुत्केरी बिदा सुत्केरीको अघि वा पछि गरी ९८ दिन
- पुरुष कर्मचारीको पत्नी सुत्केरी हुँदा सुत्केरी स्याहार बिदा १५ दिन
- किरिया बिदाः आफ्नो धर्म, सँस्कृति, कूल परम्परा अनुसार किरिया बस्नुपर्ने भएमा बढीमा १५ दिनसम्म

घ) महिला कर्मचारीले सुत्केरी बिदा र पुरुष कर्मचारीले सुत्केरी स्याहार बिदा सेवा अवधिभरमा बढीमा दुईजना सन्तान सम्मका लागि मात्र पाउनेछन् ।

ङ) शिक्षक तथा कर्मचारीले बिरामी बिदा संचित गर्न सक्नेछ । उक्त बिदा शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष सम्बन्धित विद्यालयको प्र.अ. र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई राख्नुपर्नेछ । शिक्षक कर्मचारी कुनै कारणले सेवाबाट अवकास हुँदा सञ्चित बिरामी बिदाको रकम एकमुष्ट विद्यालयको आन्तरिक स्रोतबाट भुक्तानि गर्नुपर्नेछ ।

(च) बिदा शिक्षक कर्मचारीका लागि अधिकार नभई सहुलियत मात्र हुनेछ ।

**११. विविध**

(क) विद्यालयमा निजी स्रोत तथा अनुदानमा नियुक्त करार एवं अस्थायी शिक्षक तथा कर्मचारीलाई निजहरुको काम सन्तोषजनक भएमा विद्यालय व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षको शुरुमा एक एक वर्षको म्याद थप गर्न सक्नेछ ।

(ख) यस कार्यविधि कार्यान्वयनका सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा भानु नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

(ग) यस कार्यविधि कार्यान्वयन पूर्व निजी स्रोत तथा अनुदानमा नियुक्त शिक्षक तथा कर्मचारीहरु यसै कार्यविधि बमोजिम नियुक्त भएको मानिनेछ ।